नेपाल सरकार

भौतिक पूर्वाधार निर्माण तथा यातायात मन्त्रालय

**सडक बिभाग**नेपाल भारत ट्रेड् एण्ड ट्रान्सपोंट फ्यासिलिटेसन पोंजेक्ट
(एन.आइ.टि.टि.पि)

# कार्यकारी सारांश

# पुर्नवास कार्य योजना

**नारायणघाट - मुग्लिङ्ग सडक आयोजना**एम.एम.एम. ग्रुप (लि.) (क्यानाडा)
संयुक्त उपक्रम
साई कन्सल्टिङ्ग इन्जिनियर्स प्रा. लि., भारत
इटेको नेपाल प्रा. लि.
टिएमएस नेपाल प्रा. लि.जनवरी, २०१३

MMM GROUP

## संक्षिप्त शब्दावली

| | | | |
|---|---|---|---|
| AIDs | Acquired Immune Deficiency Syndrome | एड्स | रोग प्रतिरोधात्मक क्षमता |
| AP(s) | Affected Person(s)/People | ए.पी. | प्रभावित व्यक्ति (हरु) |
| CBO | Community Based Organization | सि.डि.सि. | समुदायमा आधारित संस्था |
| CDC | Compensation Determination Committee | सि.डि.सि. | मुआब्जा निर्धारण समिति |
| CDO | Chief District Officer | प्र.जि.अ. | प्रमुख जिल्ला अदालत |
| COI | Corridor of Impact | सि.ओ. आई. | करिडोर अफ इम्प्याक्ट |
| DDC | District Development Committee | जि.वि.स. | जिल्ला विकास समिति |
| DLRO | District Land Reveneu Office | जि.मा.का. | जिल्ला मालपोत कार्यालय |
| DLSO | District Land Survey Office | जि.ना.का. | जिल्ला नापी कार्यालय |
| DOR | Department of Roads | स.वि. | सडक विभाग |
| ESMF | Environmental and Social Management Framework | इ.एस.एम.एफ. | वातावरण तथा सामाजिक व्यवस्थापन संरचना |
| FY | Fiscal Year | एफ. वाई. | आर्थिक बर्ष |
| GDP | Gender Development Index | जि.डि.पि. | लैङ्गिक विकास सुचकांक |
| GESU | Geo-Environment and Social Unit | जि.इ.एस.यू. | भू-वातावरण तथा सामाजिक शाखा |
| GoN | Government of Nepal | ने. स. | नेपाल सरकार |
| Ha | Hectare | एच.ए. | हेक्टर |
| HHs | Households | एच.एच. | घरधुरी |
| ICDS | Integrated Child Development Scheme | आई.सी.डी.एस. | एकिकृत बाल बिकास योजना |
| LCF | Local Consultative Forum | एल.सि.एफ. | स्थानीय सरोकार समिति |
| LCLA | Local Community Liaison Assistant | एल.सि.एल.ए. | स्थानीय समुदाय सम्पर्क सहायक |
| MoFALD | Ministry of Federal Affairs and Local Development | सं. मा. स्था. बि.म. | संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालय |
| MoFSC | Ministry of Forest and Soil Conservation | | बन तथा भू-संरक्षण मन्त्रालय |
| MoH | Ministry of Health | स्वा. म. | स्वाश्थ्य मन्त्रालय |
| NGO | Non- Governmental Organization | गैसस | गैह्र सरकारी संस्था |
| NITTP | Nepal India Trade and Transport Facilitation Project | NITTFP | नेपाल भारत ट्रेड् एण्ड ट्रान्सर्पोट फ्यासिलिटेसन र्पोजेक्ट |
| NRs | Nepalese Rupees | रु. | रुपैया |
| OD | Operational Guidelines of World Bank | ओ. डि. | कार्यान्वयन निर्देशिका (विश्व बैंक) |
| OP | Operational Policy of World Bank | ओ. पि. | कार्यान्वयन निर्देशिका (विश्व बैंक) |

| | | | |
|---|---|---|---|
| PAF | Project Affected Family | पि.ए.एफ | आयोजना प्रभावित परिवार |
| PAP | Project Affected Person | पि.ए.पी. | आयोजना प्रभावित ब्यक्ति |
| PCU | Program Coordination Unit | पि.सि. यु. | आयोजना कार्यान्वयल इकाई |
| PIP | Priority Investment Plan | पी.आई.पी | प्राथमिक लगानी योजना |
| PLI | Poverty Line Income | पी.एल.आई. | गरीबीको रेखा |
| RAP | Resettlement Action Plan | आर.ए.पि. | पुनर्वास कार्य योजना |
| ROW | Right of Way | आर.ओ.डब्लु | सडक अधिकार सीमा |
| SDRS | Social Development & Resettlement Specialist | एस.डि.आर.एस. | सामाजिक बिकास तथा पुर्नवास बिज्ञ |
| SES | Socio-economic Survey | एस. ई. एस. | सामाजिक आर्थिक सर्वेक्षण |
| Sqm | Square Meter | | |
| VDC | Village Development Committee | गा.वि.स. | गाँउ विकास समिति |
| WB | World Bank | वि.बैं. | विश्व बैंक |

## शब्दावली र परीभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा प्रयोग भएका मुख्य शब्दावलीहरु तल उल्लेख गरिए अनुसार हुने छन् ।

| | |
|---|---|
| क्षतिपूर्ति | आयोजना प्रभावित व्यक्तिले गुमाउनु परेको सम्पत्ति, श्रोत वा आयका सट्टामा तिरीने नगद, जिन्सी वा सहायता हो । यस्तो सहायता क्षतिपुर्ति निर्धारण समितिको निर्णण बमोजिम हुने छ । |
| क्षतिपूर्ति निर्धारण समिति | क्षतिपूर्ति निर्धारण समिति भन्नाले जग्गा प्राप्ति ऐन, २०३४ अनुसारको जिल्ला स्तरमा गठित समिति सम्झनु पर्दछ । ऐनको (२) उपदफा (१) बमोजिमको मुआब्जाको रकम निर्धारण गर्न देहायका<br>पदाधिकारीहरू भएको एउटा समिति रहनेछ :–<br>(क) प्रमुख जिल्ला अधिकारी,<br>(ख) भूमि प्रशासक वा माल अड्डाको हाकिम,<br>(ग) परियोजनाको लागि जग्गा प्राप्त गरिएको भए परियोजना प्रमुख र अन्य कामको लागि जग्गा प्राप्त गरिएको भए प्रमुख जिल्ला अधिकारीले तोकेको एक जना अधिकृत,<br>(घ) जिल्ला विकास समितिको एक जना प्रतिनिधि । |
| करिडोर अफ इम्प्याक्ट | सडकको डिजाइन अनुसार चेनेज २+४२५ देखि कि.मी. १६ + ००० सम्म ११ मिटर र कि.मी. १६ +००० देखि ३५+६७७ सम्म  ९ मिटर चौडाई करिडोर अफ इम्प्याक्ट तोकिएको छ । यर्सथ यो दुरी भनेको सडकको केन्द्रभागबाट दुबैपट्टी  ५.५ मिटर र ४.५ मिटर हो । संपत्तिको अधिकरण र क्षतिपुर्तिलाई तोकिएको करिडोर अफ इम्प्याक्ट र सुरक्षा क्षेत्र थप २ मिटर भित्र सिमित राखिने छ । |
| सुरक्षा क्षेत्र | सुरक्षा क्षेत्र परिभाषित भएअनुसार सडकको दुबै पट्टि २ मटिरका दरले निर्धारण गरिएको छ जुन चाहि सागुरो धर्सोको रुपमा मानिस र जीबजन्तुहरु आवतजावत गर्नलाई छुट्याइन्छ । |
| अन्तिम मिति | प्रभावित व्यक्ति र तिनीहरूको प्रभावित जग्गा तथा सम्पत्तिहरूको गणना सर्वेक्षणको मिति - मार्चः २०१२ । |
| कानुनी रुपमा क्षतिपुर्तिको दाबेदार व्यक्ति | आयोजनाका कारणले व्यक्तिगत संपत्तिको क्षति भएवापत प्रदान गरिने क्षतिपुर्ति पायन कानूनी हकदैयाको दायरा भित्र परेको व्यक्ति । |
| गरीबीको रेखा | नेपाल जीवनस्तर सर्वेक्षण सन् २००३/४ वा त्यसपछिका अन्य सर्वेक्षणहरुले पहाड वा तराइका लागि गीरीबीको स्तर भनी परिभाषित गरेका सबै प्रकारका उत्पादन वा कामबाट हुने नगद आम्दानी बराबरको रकममा प्रत्येक दुइ दुइ वर्षमा थोक मूल्य सूचक अनुसार अद्यावधिक गरि हाल आयोजनाको मितिमा कायम भएको रकम । नेपालको राष्ट्रिय जीबन स्तर मापन सर्बेक्षण अनुसारः २१२४ क्यालोरी बराबरको खाद्यान्ह र आम्दानीको १ चौथाई non food items मा दैनिक खर्च को अवस्थालाई आधार रेखा मानेको छ । यसरी आधार मान्दा यो रेखा जिल्लै पिच्छे फरक हुन जान्छ्। चितवन जिल्लाको हकमा (२०११ अनुसार) रु. १६५२५.२५ प्रतिब्यक्ति आय मानिएको छ । |
| प्रभावित व्यक्ति | सबै व्यक्तिहरु जसले, गणना भएको अन्तिम मितिसम्ममा आयोजनाको लागि आफ्नो जग्गा वा सम्पत्तिको केही भाग गुमाएका हुन्छन् । |
| आयोजना प्रभावित परिवार | भन्नाले पति वा पत्नी, छोरा र अविवाहित छोरी, बुहारी, भाइ वा अविवाहित बहिनी, बाबुआमा, कानूनी रुपमा भएका धर्मपुत्र /पुत्री तथा निजका परिवारका आश्रित व्यक्तिसहितको परिवार सम्झनु पर्छ र सो शब्दले पहिले घरबाट अन्यत्र गएका र पछि घर फर्केका सन्तान र आयोजना प्रभावित क्षेत्रमा तीन वर्ष भन्दा पहिले देखि लगातार बसोबास |

| | |
|---|---|
| | गरि वा सो स्थानमा कुनै पेशा वा व्यवसायिक काम गरि आएका व्यक्तिलाई समेत जनाउँदछ । |
| आयोजना प्रभावित समुह | आयोजनाका कारणले सामुदायीक संपत्तिहरु को क्षति बेहोरेका समुदायहरु, सामाजिक र धार्मिक समुहहरु । |
| पुनर्स्थापना | प्रभावित व्यक्तिको आय र जीविकोपार्जनको लागि उपलब्ध गराइने पुनर्वास योजनामा उल्लेखित अधिग्रहण गरिएको सम्पत्तिको क्षतिपूर्तिको भुक्तानी बाहेकको उपायहरु, यसले प्रभावित समुदायको कुनै पनि क्षतिग्रस्त वा बिग्रे- भत्केको सामुदायिक सुविद्याहरु तथा बिग्रेको वा विश्रृङ्खलित साँस्कृतिक र सामाजिक सञ्जालको पुनर्स्थापना समेतलाई बुझाउनेछ । |
| प्रतिस्थापन मूल्य | जमीन र भौतिक संरचनाको सज्दर्भमा प्रतिस्थापन मुल्य लाई निम्न बमोजिम परिभाषित गरिएको छ । खेतियोग्य जमीनको हकमा, आयोजना लागुहुनु भन्दापहिला उक्त जमिनको स्थानीय बजार मूल्य वा पूर्व विस्थापत समयको मूल्य जो बढि हुन्छ सो प्रतिस्थापन मूल्य प्रदान गर्नु पर्दछ । जमीनको मोल तोक्दा खुद प्रतिस्थापन मूल्यलाई नै तोक्ने प्रयत्न गरिनु पर्छ र यसरी मोल तोक्दा सगै जोडिएको जमिन को उत्पादन र गुणस्तर, सो जमिनको सम्याउन लाग्नेरकम र नामसारी दस्तुर लाई समेत आधार मान्नु पर्दछ । क्षतिपूर्ति दरहरू निर्धारण गर्न एक प्रक्रिया निर्धारण गर्नु पर्छ । साथै गुमेका धनमाल वापत क्षतिपूर्ति दिंदा सो धनमाल पुनः जोड्न पुग्ने गरी क्षतिपूर्ति दिने व्यावहारिक व्यवस्था गर्नु पर्छ र यस्तो धनमालको मूल्याङ्कन गर्दा ह्रासकट्टी गर्नु हुँदैन । सबै धनमालहरूको सट्टा भर्ना, नामसारी गर्न लाग्ने दस्तुरहरु र लाग्ने स्थानान्तरण र पुननिर्माण (त्यसमा लाग्ने श्रमिकको ज्यालासमेत) गर्नका लागि गरिने मूल्याङ्कन प्रचलित बजार मूल्यसँग मिल्दो जुल्दो गरी गर्न निरन्तर प्रयत्न गरिनु पर्छ । |
| स्वामित्व कायम भएका | प्रभावित व्यक्ति जोसँग जग्गाको औपचारिक कानूनी अधिकार भएको हुन्छ र नेपालको कानून अनुसार परम्परागत हक अधिकारले पनि मान्यता दिएको हुन्छ । |
| सुकुम्बासी | घरघडेरी वा खेतीको जमिन आफ्नो नाममा नभएका र त्यसको दर्ता वा भोगचलनको प्रमाणसमेत नभएका त्यसै अतिकमण गरी बसेका व्यक्तिहरू पर्दछन् । यस्तो जमिन सरकारी वा निजी पनि हुन सक्दछ । |
| मोहियानी | जग्गा माथि कानूनी मान्यता प्राप्त अधिकार नभए पनि जग्गा भोग चलन गरिरहेका व्यक्तिलाई जनाउँछ । जसको जग्गा भोग चलनको प्रमाण भूमि ऐन २०२१ बमोजिम हुने छ । |
| निम्सरो समूह | सामाजिक, आर्थिक निम्सरोपनको आधारमा पहिचान गरिएका र पुनर्वासका असरबाट अरु भन्दा बढी आघात पर्न सक्ने समूह, खासगरी गरिब, महिला घरमुली भएको परिवार, दलितहरू जो गरिबीको रेखा मुनि पर्दछन्, तिनीहरुलाई यस समूहमा समेटिएको छ । |

## परिचय

१. नेपाल सरकारले बिद्यमान अवस्थामा रहेको यातायात सुविधाको विस्तार गर्न मुख्य प्राथमिकता तोकेको छ । यस सन्दर्भमा भौतिक पूर्वाधार निर्माण तथा यातायात मन्त्रालय, सडक बिभागले देशका बिभिन्न भागहरुमा सडक आयोजनाहरु सञ्चालन गरिरहेको छ । नारायणघाट - मुग्लिङ्ग सडक आयोजना पनि सरकारले तोकेको मुख्य प्राथमिकतामा रहेको आयोजना हो र यसले विशेसत क्षेत्रिय ब्यापार केन्द्रहरु जस्तैः पूर्वी तथा पश्चिम तराईलाई काठमाडौसंग जोड्ने छ ।

२. नारायणघाट - मुग्लीङ्ग सडक आयोजना NESR-T र TFP को एक भाग हो । यो सडक खण्ड पुर्वी - पश्चिम लोकमार्ग र काठमाडौ - बीरगञ्ज लोकमार्गको बीचबो एक खण्ड हो । बिद्यमान यस नारायणघाट - मुग्लीङ्ग सडक आयोजना राष्ट्रिय लोक मार्ग (एच - ०५) को रुपमा सुचिकरण गरिएको छ र यसले पृथ्वी लोकमार्ग ( (एच- ०४) लाई जोड्दछ । यसको लम्बाई ३३.२७५ कि.मि. रहेको छ र यो सडक अयोजना चितवन जिल्लामा अवस्थित छ । यो सडकको स्तरोन्नती र विस्तार गर्दा एशियाली लोकमार्ग को मापदण्ड अनुसार हुनेगरि डिजाईन गरिएको छ । यो सडक आयोजना भरतपुर नगरपालिकाको आापटारी भन्ने स्थानबाट सुरुभइ दारेचोक गा.वि.स अर्न्गतत मुग्लिङ्ग बजारमा अन्त्य हुन्छ । यस सडकले त्रिशुलि नदीको किनारै किनार आफ्नो यात्रा तयार गर्छ र यात्राको क्रममा यस सडकले भरतपुर नगरपालिका, कविलाश, चण्डिभंज्याङ्ग, दारेचोक र दाहाखानी गा.वि.स.हरुलाई पार गर्दै जान्छ । यो सडक कालो पत्रे गरिएको अवस्थामा छ ।

३. नारायणघाट - मुग्लीङ्ग सडक नारायणघाट (पुल्चोक : कि.मी. ०+०००), रामनगर बाट (कि.मी.५+५००) उत्तर पहाडी क्षेत्र भएर नारायणघाटबाट यस सडक समथल खोलाको बगर हुदै अगाडि बढेको छ । रामनगर ( कि.मी.५+५००) बाट यस सडक त्रिशुली (नारायणी) नदी हुदै विस्तारै भटेरी (कि.मी.८+०००) तर्फ वढेको छ। भटेरी काटेपछि सडक विस्तारै मुग्लीङ्ग (कि.मी. ३५+६६७) तिर बढेको छ । यस नारायणघाट - मुग्लीङ्ग सडक रामनगर देखि मुग्लीङ्ग, सम्मै त्रिशुली नदीको देब्रे भएर अगाडि बढेको छ ।

४. यस सडकले चितवन जिल्लाको भरतपुर नगरपालिका, कविलाश, चण्डिभंज्याङ्ग, दारेचोक र दाहाखानी गा.वि.स.हरुलाई जोड्नुको साथै विभिन्न बजार क्षेत्र- रामनगर, जुगेडि, सिमलताल, गाईघाट, घुमाउने,खहरे,स्याउले हुदै मुग्लिङ्गमा गएर टुङ्गिन्छ ।

५. नारायणघाट - मुग्लीङ्ग सडकको सडक अधिकार क्षेत्र तत्कालिन श्री ५ को सरकार हाल नेपाल सरकारको मिति २०३४ सालको राजपत्रमा प्रकाशित सुचना बमोजिम ५० मि. (सडकको केन्द्र विन्दु बाट दाँया वाँया २५/२५ मीटर) कायम गरिएको र उक्त सडकको नामाङ्करण गोर्खा-नारायणघाट सडक राखिएको थियो । मिति २०५४/४/२७ मा सो सुचनालाइ संसोधन गरी सडकको नाम गोर्खा नारायणघाट वाट नारायणघाट - मुग्लिङ्ग ( मदन-आश्रित मार्ग) नामाकरण गरेको थियो। । सो सुचनाले तोके बमोजिमको सडक अधिकार क्षेत्र नेपाल सरकारको मातहतमा रहने देखिन्छ र लगत कट्टाको काम समेत (८ वटा कित्ता बाहेक) सम्पन्न भइ सकेको छ । सडक विस्तारको कार्यलाई माथि उल्लेखित सडक अधिकार क्षेत्र भित्र सिमित पारिएकोछ । यस सम्बन्धमा थप व्यक्तिगत जग्गा अधिकरण गर्नुपर्ने आवश्यकता देखिदैन । यस सडकको डिजाइन अनुसार कि.मी २+४२५ देखि कि.मी. १६ + ००० सम्म ११ मिटर र कि.मी. १६ +००० देखि ३५+६७७ सम्म ९ मिटर चौडाई हुनेगरि स्तरोन्नतिको कार्यलाई अगाडि बढाइनेछ । यस सडकको सडक अधिकार क्षेत्र (५० मि.) घोषित भइसकेको हुनाले सरकारले कुनै पनि क्षतिपुर्ति दिनु नपर्ने र सडक अधिकार क्षेत्र भित्र ८ वटा प्लटहरुको हकमा बिभिन्न अतिरीक्त सहयोगको ब्यबस्था गरिने छ ।

## पुर्नवास कार्य योजनाको उद्धेश्य

६. यो पुर्नवास कार्य योजनाले प्रभावित व्यक्तिहरुको जग्गा अधिकरण, क्षतिपुर्ति र पुर्नवासको बारेमा नीति र मार्गदर्शन प्रदान गर्दछ । आयोजनको डिजाइन चरणमा गरिएको सामाजिक, आर्थिक सर्वेक्षणबाट प्राप्त परिणाम/नतिजालाई आधारमानि यो पुर्नवास कार्य योजना तयार परिएको छ । प्रभावित परिवारहरुमा आयेजनाले पार्ने प्रभावहरुको यकिन गरी उनीहरुको लगत तयार गर्नु र उनीहरुको जिवनस्तर आयोजना कार्यान्वयन हुनु भन्दा अगाडी जस्तो अवस्थामा थियो सो भन्दा राम्रो बनाउनु नै यो पुर्नवास योजनाको मूख्य उद्देश्य हो । यो आयोजना कार्यान्वयनका कारणले प्रभावित परिवारहरुमा वर्न जाने क्षतिलाई न्यूनिकरण गर्ने उपायहरुका बारेमा यो पुर्नवास कार्ययोजनाले उल्लेख गर्दछ । विशेषत पुर्नवास कार्यायोजनाले तलका कुराहरुलाई लेखाजोखा राख्दछ ।

- व्यक्तिगत तथा सामुदायिक सम्पत्ति र श्रोतहरुको क्षति र कानुनी हकदैया किटानी तथा प्रभावित परिवारहरुको पुनःस्थापना,

- आयोजनाका कारणले प्रभावित हुने जग्मा व्यक्ति घरधुरी र विस्थापित हुनेहरुको संख्या,
- पुर्नवास कार्ययोजना कायान्वयन भीत्रका गतिविधीहरु जस्तैः क्षतिपूर्ति, पुनस्थापना र पुर्नवास जस्ता गतिविधीहरुको कार्यन्वयन गर्न आवश्यक पर्ने संगठानिक संरचना,
- कार्यान्वयन कार्य तालिका र अनुगमन संयन्त्र तथा
- आवश्यक पर्ने बजेट (क्षतिपूर्ति र पुनःस्थापना)

७. यो पुर्नवास कार्य योजनाले ESMFको आधारभित्र रहेर सुरक्षात्मक कवजहरुको वर्णन गर्दछ । जसमा गरिने भौतिक सम्पत्तिको क्षति र क्षतिपूर्ति, पुर्नवास तथा पुर्नस्थापना सहयोग, घरभाडा सहयोग, प्रभावित परिवारलाई सहयोग भत्ता आदि । यो पुर्नवास कार्ययोजनाले स्तरोन्नती हुने नकरात्मक असरहरुलाई निदान गर्न जोड दिइन्छ । सडक डिजाइन गर्दा सामाजिक मुद्दालाई विषेश प्राथमिकता साथ संसोधन गरिने छ ।

## पुर्नवास कार्य योजनाले अवलम्बन गरेका नीति तथा सिद्धान्तहरू

८. यो पुर्नवास कार्य योजनाको तयार सडक विभागको क्षेत्र विशेष वातावरणीय र सामाजिक व्यवस्थापन खाकाको नीति र सिद्धान्तको आधारमा तयार पारिएको छ । जो नेपाल सरकारको नियम र विश्व बैंकको आदिवासी सम्बन्धि नीति र अशवैच्छिक पुर्नवास नीति (OP/BP 4.10 and OP 4.12) संग मेल खान्छ । विश्व बैंकका नीति र 'वातावरण तथा सामाजिक व्यवस्थापन संरचना' को जोड भनेको अनैच्छिक पुनर्वासलाई विभिन्न वैकल्पिक डिजाइनबारे बिचार गरी तिनमा सामाजिक बिषयहरू समावेश गरेर सम्भव भएसम्म टार्न वा घटाउनु पर्छ । जहाँ व्यक्तिगत संपत्तिको अधिकरण लाई टार्न सकिदैन त्यतिबेला भन्नाले आयोजनाको तयारी र डिजाईनको बेलामा अनैच्छिक पुनर्वासको नीति अनुसरण गरिने छ । सडक निर्माणको योजना तर्जुमा र डिजाइनको अवधिमा सडकको विस्तार, पुनःस्थापनाको (पुनःनिर्माण) कारणले जग्गा, व्यक्ति तथा सम्पत्ति र साधनस्रोतहरूको पहुचमा पर्ने प्रभावहरूलाई न्यूनतम गर्ने प्रयास गरिनेछ । तर जग्गा अधिग्रहणले समुदाय र सम्पत्ति अथवा जग्गा वा सम्पत्तिमा समुदायको पहुचमा नकारात्मक प्रभाव पर्ने भएमा त्यस्तो अवस्थामा पुनर्वास तथा नगद क्षतिपूर्ति भुक्तानी विश्व बैंकको कार्य संचालन नीति OP 4.12 र नेपाल सरकारको जग्गा अधिग्रहण ऐन २०३४ (१९७७) तथा सार्वजनिक सडक ऐन २०३१ (१९७५) अनुसार दिइने छ ।

## तथ्याङ्क संकलन गर्दा अपनाइएको विधी

९. यो आयोजनाको तयारीको सुरु चरणमा एउटा सर्वेक्षण गरिएको थियो । मुख्य उद्देश्य भनेको संभावित आयोजना प्रमाणित परिवार र के कति मात्रामा संम्पत्तिहरुको क्षति हुन सक्छ भनि आँक्लन गर्नु रहेको थियो । विस्तृत इन्जिनियरिङ्ग डिजाइन सकिएपछि भूमापन सर्वेक्षण गरिएको थियो । यसरी गरिएका भू-मापन सर्वेक्षण र विस्तृत इन्जिनियरिङ्ग डिजाइनलाई एक आपसमा मिलानगरी स्थलगत जाँच समेत गरियो । यही समयमा भू-मापन प्रतिवेदन र क्षतिको विस्तृत खाका तयार गरियो ।

१०. मार्च महिना २०११, २०१२ (दुई पटक) मा प्रभावित परिवारहरुको विस्तृत सामाजिक आर्थिक सर्वेक्षण भएको थियो । यो सर्वेक्षणले मुलत सडक आयोजनाबाट हुने असरहरुको वर्गिकरण छुट्याउनु र के कति मात्रामा प्रभाव पर्ने सो को यकिन गर्नु रहेको थियो ।

११. पुर्नवास कार्य योजना, आय आर्जन पुर्नस्थापना योजना पुर्नवास अवसरहरुका छनौट र तयारी गर्नको लागि सामाजिक आर्थिक सर्वेक्षणबाट प्राप्त भएका सूचनाहरुमा घरधुरी संख्या र वनावट, उमेर समूह, परिवारीक संम्पत्ति, जिवनउपयोगी सीपको अवस्था र आय आर्जनको गतिविधीहरु रहेका छन् । यो सर्वेक्षण गर्न सामाजिक विकास तथा पुर्नवास विज्ञहरु, गणकहरु समेत रहेको एक टोलीले सम्पन्न गरेको थियो ।

## सामाजिक आर्थिक परिणाम र प्रभावहरु

१२. राष्ट्रिय जनगणना २०११ (२०६८) अनुसार चितवन जिल्लाको कूल जनसंख्या ५७४,९८४ छ । जसमध्ये ४८.१२ प्रतिशत पुरुष र ५१.५५ प्रतिशत महिला रहेका छन् । यो आयोजनाले भरतपुर नगरपालिकाको सानो भाग र ४ वटा गा.वि.स.हरु प्रभावित हुने छन् । सडक प्रभावित क्षेत्रको नगरपालिका (४ गा.वि.स.को) कूल जनसंख्या १६९०३९ रहेको छ, जसमा महिला ५०.५५ प्रतिशत र पुरुष ४९.४५ प्रतिशत रहेका छन् । यो आयोजनाको कारणले जम्मा ७४ घरधुरीहरुका ४१४ जना मानिसहरु प्रभावित हुने छन् । जम्मा प्रभावित घरधुरीको जनसंख्या मध्ये ४८.०४ प्रतिशत पुरुष र ५१.९३ प्रतिशत महिलाहरु रहेका छन् । प्रभावित परिवारको औशत जनसंख्या ५.५२ रहेको छ । कूल प्रभावित जनसंख्या मध्ये ४०.५८ प्रतिशत चाहि सकृय उमेर* समूहमा पर्दछन् । तसर्थ १६८ यो उमेर (१५-४५) समूहमा वा मात्र जीवनउपयोगी सीप विकास तालिमको लागि योग्य ठहरिने छन् । आयोजना क्षेत्रमा जनजातिहरुको वाहुल्यता रहेको छ । जसमा कूल जनसंख्याहरु मध्ये ३ खण्ड चाही जनजातिहरु रहेका छन् । प्रभावित परिवारहरुमध्ये ४.०५ प्रतिशत व्राम्हणहरु, दलित ८.११ प्रतिशत, क्षत्री ८.११ प्रतिशत, चेपाङ्ग ४.०५ र ७५.६८ जनजातिहरु रहेका छन् । चितवन जिल्लाको साक्षरता ८० प्रतिशत हो र यो प्रतिशत राष्ट्रिय साक्षरता प्रतिशत (५४ प्रतिशत) भन्दा माथि रहेको छ । आयोजनाबाट प्रभावित जनसंख्याको साक्षरता ७३ प्रतिशत रहेको छ । यो पनि राष्ट्रिय साक्षरता प्रतिशत भन्दा माथि हो ।

१३. चितवन जिल्लाका मानिसहरुको प्रमूख पेशा भनेको कृषि हो । कूल जनसंख्याको ५७ प्रतिशत जनसंख्या यो पेशामा आवद्ध छ । यद्दपी यो आयोजनाबाट प्रभावित हुने कूल परिवार मध्ये ६६ प्रतिशत चाहि व्यापारमा आवद्ध रहेका छन् । अधिकांश प्रभावित घरधुरीहरु सडक किनारमा चियापसल तथा खुद्रा किराना व्यापार गरि बसेका छन् । साथै यिनीहरु सिमित जमिनमा वसोवास गरिरहेका छन् । कृषि क्षेत्रको आम्दानीले मात्र उनिहरुको जिबिकोपार्जनमा खासै अर्थ राख्दैन । यो सडकको वरपर साँगुरो, सुख्खा पाखो र भिरालो जमिन भएकोले आफैमा खेती योग्य छैन । प्रभावित घरधुरीको स्वामित्वमा औशत ०.२५ हेक्टर जमिन रहेका छ । यो क्षेत्रमा मानिसहरु कृषि पेशाभन्दा व्यापार व्यवसायलाई रुचाउछन् । प्रभावित घरधुरीहरको वार्षिक औशत आय रू.२९५,८९२ र प्रति व्यक्ति आय रू.५२,८८९ छ । खाद्य असुरक्षा यो क्षेत्रको प्रमुख समस्या हो । किनकी अधिकांश प्रभावित परिवारहरु सरकारी जमिन माथिको प्रयोग गरी वसोवास गरिरहेका छन् । करिव ९३ प्रतिशत घरधुरीलाई कृषि क्षेत्रको आयबाट ३ महिना भन्दा कम खानपुग्ने तथ्याङ्कले देखाएको छ ।

## संपत्तिको क्षति

१४. सडक निर्माण संग सम्बन्धित कार्यहरुलाई तोकिएको सडक अधिकार क्षेत्र सिमित गरिने भएको हुनाले थप जग्गा अधिकरण गरिरहनु पर्दैन । विद्यमान सडकको स्तरोन्नती गर्दा ७४ घरधुरिका ८० घरसंरचनाहरु समेतलाई

* १५-४५ बर्ष रमेर समूहका जनसंख्यालाई जीवनउपयोगी सीप विकास तालिमको लागि प्राथमिकता प्रदान गरिने छ ।

क्षति पुग्ने देखिन्छ । यस आयोजनाले ७४ घरधुरीका ४१४ जलालाई प्रभाव पार्ने छ । यसरी प्रभावित हुने कुल जनसंख्या मध्ये पुरुष ४८.०७ प्रतिशत र बांकि ५१.९३ प्रतिशत महिला रहेका छन् । अधिकांश प्रभावित हुने नीजि संरचनाहरुमा आवासीय घर र व्यवसायीक संरचना रहेका छन् । ११ सार्वजनिक संरचनाहरु समेतमा क्षति पुग्न जाने छ । यास्ता सार्वजनिक संरचनाहरुमा, सार्जजनिक शौचालय, राजनीतिक पार्टीका राष्ट्रिय नेताहरुको सालिक, चौतारा, प्रतिक्षालय, युवा क्लब छन् । यी सबै सार्वजनिक संरचनाहरुको पुर्नस्थापना स्थानीय जनताहरुसंग परामर्श गरि आयोजनाले गर्ने छ ।

१५. नेपालको सन्दर्भमा निम्सरो समुदाय भन्नाले त्यो समुदायलाई बुझ्नु पर्दछ जो नेपालका दुर्गम स्थानहहरुमा वसोवास गर्दछन्, यस्ता समुदाय सामान्यतया जमिनको स्वामित्वभन्दा टाढा, सिमान्कृत किसानहरु, पूर्व कमैयाहरु आदि हुन् । खासगरी यो समुदायको सार्वजनिक श्रोतसाधनहरुमा कम पहुच, राष्ट्रियस्तरको नीतिनिर्माण प्रकृयाको तहमा कम पहुच र विकासको मुलधारबाट टाढा रहेको पाइन्छ । यसर्थ यो समुदायलार्य गरिवीको रेखामुनि पर्ने चुनौति प्रवल देखिन्छ । औपाचारिक र अनौपचारिक अध्ययनानुसार खासगरी जनजातिहरु, आदिवासीहरु, दलितहरु र महिलाहरु निम्सरो समुदाय भित्र पर्ने गरेको छन् । नेपाल सरकारको दशौं पञ्चबर्षिय योजनाको अध्ययनले पनि महिला, अपाङ्गता, अल्पसंख्यक जनजाति, दलित समुदायलाई सिमान्तकृत समुहको सूचिमा राखेको छ । विशेषत, सबै क्षेत्र र धर्मका महिलाहरु पुरुषहरुको तुलनामा राज्यको सूविधाबाट वञ्चित रहेको अवस्था छ । महिलामा पनि विधवा महिला, छोडपत्र गरी वसेका महिलाहरु र महिला घरमुखी भएका परिवारहरु नै सुविधा विमुखिको समुहमा पर्दछन् ।

## परामर्शहरु

१६. जम्मा ७ वटा सामुदायिक छलफलहरु/बैठकहरु आयोजना करिडोरका बिभिन्न स्थानहरुमा सञ्चालन गरिएका थिए । ति छलफलहरु मुख्यतया, आयोजनाा संग संबन्धित निकायहरु जस्तैः सडक डिभिजनको कार्यालय, जिल्ला स्तरीय सरकारी निकायहरु (मालपोत कार्यालय, नापी कार्यालय), गााउ बिकास समितिहरु र स्थानीय प्रभावित व्यक्तिहरु संग गरिएका थिए । ती बैठकहरुमा भौतिक क्षतिको उचित मूल्याङ्कन र क्षतिपूर्ति वितरणको विषयमाथी प्रमुखरुपमा छलफल भएको थियो । आयोजना प्रभावित र स्थानीय सरोकारजालाहरुसंग गरिएका यी छलफलहरुबाट निम्नानुसारका सुझावहरु प्राप्त भएका छन् ।

आयोजनाको डिजाइन चरणमा स्थानीय जनताहरुको सहभागिता गराइनु पर्नेः परामर्श छलफल र बैठकहरुमा स्थानीय मानिसहरुको आवाज भनेको आयोजनाको डिजाइन र अन्य सूचनाहरुको आदान प्रदानमा प्रत्यक्ष परिवारहरु र सरोकारवाला निकायहरुलाई सहभागि गराइनु पर्दछ भन्ने थियो ।

स्थानीय जनाताहरुलाई रोजगारीको अवसरः निमार्ण चरणमा रोजगारीको अवसरहरुको सुनिश्चतता गर्न आयोजनाले स्थानीय दक्ष र अदक्ष कामदारहरुको प्रयोग गर्नु पर्ने ।

उचित र समयसापेक्ष क्षतिपूर्तिको घरः विभिन्न स्थान रसमयमा गरिएका समुदायिक छलफलहरुमा स्थानीयवासीहरु आयोजना प्रति अत्यन्त सकारात्मक रहेका आयोजनालाई आवश्यक पर्ने सहयोग र्न तयार रहेको वताएका थिए । उनीहरुको माग भनेको आयोजनाले क्षति पुर्‍याउने (आंशिक वा पूर्ण) कृषि, व्यवसाय, वासस्थानको स्वच्छ र समयसापेक्ष क्षतिपूर्ति पाउनुपर्छ भनि माग गरेका थिए ।

आयोजनाबाट प्रभावित हुन निम्सरो समुदायलाई आयोजनाको डिजाइन र पुरक संरचना निर्माण गर्दा विशेष ख्याल पुर्‍याउनु पर्छ ।

**आयोजनाको नियमित अनुगमनः** आयोजनाको कामलाई गुणस्तरता कायम गराउन र वातावरणीय संरक्षण गर्न नियमित अनुगमनको सूनिश्चितता गरिनु पर्दछ ।
स्थानीय जुनासाहरुको सुनवाइ र निदान गर्न विशेष संयन्त्रको निर्माण गरिनु पर्दछ ।

## सुरक्षात्मक कबज

१६. प्रभावित परिवारहरुलाई नगद क्षतिपुर्तिको प्याकेज प्रदान गरिने छ । नगद क्षतिपुर्ति प्रदान गर्दा प्रभावित परिवारहरुको हालको जीवनस्तरलाई असर नगर्ने गरि र स्थानीय चलन चल्तीको मुल्यमा क्षतिपुर्ति प्रदान गरिने छ । यस्तो नगद क्षतिपुर्तिको प्याकेज भित्र घरटहरारुहको पुनःस्थापना मूल्य, सहयोग भत्ता, व्यापार व्यवसायमा नोक्सान पुगेको भए त्यसको लागि व्यवसाय नोक्सान भत्ता, र सामान ढुवानी खर्च समेत समेटिने छ । यो आयोजनाले प्रभावित परिवारहरुो जीविकोपार्जमा सुधार ल्याउन जीबन उपयोगी सीप बिकास तालिमहरु प्रदान गर्ने छ । रोजगारीका अवसरहरुको सृजनागर्न निमार्णको चरणमा प्रभावित परिवारहरुलाई काममा प्राथमिकता दिईने छ । कानूनी हकदैयाको तालिका तल प्रस्तुत गरिएबो छ ।

## पुनर्वासको लागि कानूनी हक अधिकारको तालिका

| नोक्सानीको किसिम | हक अधिकारको आधार | कानूनी हकदैयाको बर्णन | कार्यान्वयनका उपायहरु |
|---|---|---|---|
| **१. घर तथा अन्य संरचना** | | | |
| १.१ व्यक्तिगत स्वामित्वमा भएको निजी तथा आवासिय जग्गाको नोक्सानी | • कानूनी स्वामित्व कायम भएको | • क्षतिहुने घर संरचनाको हकमा पूरै वा आंशिकरुपल हुने क्षतिको प्रकार र घर संरचनाको प्रकारको आधारमा प्रतिस्थापन मूल्य बराबरको नगद क्षतिपुर्ति ।<br>• आवासको रुपमा प्रयोग गरिरहेको कित्ता को सट्टामा सकेसम्म अन्य स्थानमा त्यस्तै कित्ता वा नगद क्षतिपुर्ति (प्रतिस्थापन मूल्य) । | ▪ आयोजना प्रभावित व्यक्तिले गुमाउनु परेको सम्पत्ति, श्रोत वा आयका सट्टामा तिरिने नगद, जिन्सी वा सहायता हो । यस्तो सहायता क्षतिपुर्ति दर निर्धारण समितिको निर्णण बमोजिम हुने छ ।<br>▪ जग्गाको मूल्य निर्धारण गर्दा जिल्ला मालपोत कार्यालयको मालपोत दर स्थानीय बजार मूल्यलाई आधार मानिने छ ।<br>▪ आयोजनाले घर संरचनाको मूल्याङ्कन गर्दा (शहरी बिकास तथा भवन बिभाग को अभारभुत मानक ल्यक्कक र स्थानीय चलन चल्तीको बजार मूल्यलालाई आधार मान्ने छ । यसरी मूल्याङ्कन गर्दा ह्रास कट्टी गरिने छैन ।<br>▪ बिस्थापित परिवारलाई आवास विस्थापन भत्ताको वितरण गरिने छ ।<br>▪ जग्गा प्राप्ती ऐनले तोके अनुसार जग्गा अधिकरणको लागि ३५ लिनको सूचना जारी गरिने छ ।<br>▪ घरसंरचना र विस्थापन भत्ता एकैसाथ सूचनाको शाथमा र बांकी भुक्तान संपत्तिको आधिकार हस्तान्तरण पछि दिइने छ ।<br>▪ आंशिक जग्गा अधिकरण गर्न पर्ने भएमा नोक्सानीको लागि पहिले नै मुआब्जा दिने ।<br>▪ मुआब्जा रकम न्याय संगत होस् भनेर मुआब्जा दिनका लागि मुआब्जाका दरहरु निर्धारण गर्ने काम १ वर्षभन्दा अगाडी गरिनु हुदैन । |
| १.२ व्यापारीक प्रयोजनकालागि तयार भएका संरचना | • कानूनी स्वामित्व कायम भएको<br>• कानूनी स्वामित्व कायम नभएको | • क्षतिहुने घर संरचनाको हकमा पूरै वा आंशिकरुपल हुने क्षतिको प्रकार र घर संरचनाको प्रकारको आधारमा प्रतिस्थापन मूल्य बराबरको नगद क्षतिपुर्ति । | ▪ क्षतिपुर्ति दर निर्धारण, सूचनाको प्रकासन र क्षतिपुर्तिको वितरण बुदा नं १.१ अनुसार हुने छ ।<br>▪ ब्यापारीक प्रयोजनका लागि तयार भएका संरचना धनिहरुले व्यवसाय भत्ता वितरण गर्ने । |
| १.३ अन्य व्यक्तिगत संरचनाको क्षति | • कानूनी स्वामित्व कायम भएको | • क्षतिहुने घर संरचनाको हकमा पूरै वा आंशिकरुपल हुने क्षतिको प्रकार र घर संरचनाको प्रकारको आधारमा प्रतिस्थापन मूल्य बराबरको नगद क्षतिपुर्ति । | ▪ अन्य संरचनामा गोठ, घट्ट आदि ।<br>▪ पुरक संरचना तथा ब्यापारीक प्रयोजनकालागि तयार भएका संरचनाहरुलाई प्रतिस्थापन मूल्य आवश्यक पर्दैन ।<br>▪ क्षतिपुर्ति दर निर्धारण, सूचनाको प्रकासन गरेर । |
| **२. जग्गा** | | | |
| २.१ निजी जग्गाको नोक्सानी | • कानूनी स्वामित्व कायम भएको | • प्रतिस्थापन गर्ने पूर्ण मूल्यमा मुआब्जा दिनु वा<br>• छरछिमेकमा त्यति नै क्षेत्रफल र त्यतिनै उत्पादन हुने र जग्गाधनीलाई चित्त बुझ्ने जग्गा उसको नाममा दर्ता गरी दिनु । | • असर पर्ने हरेक गा.वि.स.मा रहेका ऐलानी जग्गाको सूची आवश्यक छ ।<br>• प्रभावित र जग्गावालाहरु र नोक्सान भएका जग्गाको क्षेत्रफलको विवरण आवश्यक छ ।<br>• अधिग्रहण गर्नुभन्दा ३५ दिन अगावै खाली गर्न सूचना दिइने छ । |

| नोक्सानीको किसिम | हक अधिकारको आधार | कानूनी हकदैयाको बर्णन | कार्यान्वयनका उपायहरु |
|---|---|---|---|
| | | • यदि वरपर जग्गा उपलब्ध छैन भने मुआब्जाको रुपमा पूरा सट्टाभर्नाको मूल्य प्रचलित बजारभाउ वा सरकारी दरमध्ये जुन बढी छ त्यही दिनु ।<br>• जग्गा अधिकरणको क्षतिपुर्तिको सट्टामा पहिले कै अवस्था सरह वा पहिले कै जीविकोपार्जन कायम हुने गरी पुनर्वास सहायता दिनुपर्छ<br>• यदि खेतियोग्य जमिनको क्षतिभएमा नोक्सान पुग्न गएको १ बर्षको उलपादन बराबरको रकम समेत क्षतिपुर्तिमा समावेश हुने गरी प्रभावितलई खेति अबरोध सहयोग उपलब्ध गराउनु पर्ने | • यदि गम्भीर रुपले प्रभावित जग्गाधनीले महत्वपूर्ण नगद रकम मुआब्जा पाई भुक्तानी पाएको १ बर्ष भित्र त्यसै किसिमको जग्गा खरिद गर्छ भने जग्गामा लाग्ने सवै रजिष्ट्रेसन दस्तुर, करहरु र महशुल आयोजनाबाट नै व्यहोरिने छ ।<br>• नगदमा दिइने मुआब्जा अवस्था हेरी नगद वा चेकको रुपमा जग्गावालाको इच्छा अनुसार दिइने छ ।<br>• मुआब्जा रकम न्याय संगत होस् भनेर मुआब्जा दिनका लागि मुआब्जाका दरहरु निर्धारण गर्ने काम १ वर्षभन्दा अगाडी गरिनु हुदैन । |
| २.२ व्यक्तिगत जग्गाको अस्थाई क्षति | • कानूनी स्वामित्व कायम भएको | • अस्थाई अवधिको अधिकरणका लागि वाली, जग्गाको उत्पादन र अरु सम्पत्तिहरुको नोक्सानीको क्षतिपूर्ति दिइने छ ।<br>• सम्पत्तिमा भएको अरु किसिमको हानि वा क्षति वापत मुआब्जा वा<br>• अस्थाई अधिकरणका लागि ठेकेदारले जग्गावालासँग भाडा दररेट तय गरे वमोजिम गर्ने ।<br>• ठेकेदार र आयोजनाले यो निश्चित गर्नु पर्छ कि प्रभावित व्यक्ति वास्तवमा जग्गाधनी होइन तर अधिकरणबाट प्रभावित भएको हो र उसले अस्थाई अवधिका लागि मुआब्जा पाउने छ ।<br>• अस्थाई अधिकरण भएको जग्गा अस्थाई प्रयोगको अवधिको समाप्ति पछि जग्गाधनीलाई पहिले कै अवस्थामा ल्याएर जग्गा फिर्ता गरिने छ वा सहमति भए अनुसार सुधार गर्नु पर्छ । | जग्गाधनी/हकदार पक्षले निम्न विवरण खुलाएर अस्थायी प्रयोगको करार सम्झौता गर्नु पर्छ :<br>– प्रयोगको अवधि<br>– वाली नालीको हानि नोक्सानी वापत दिनु पर्ने रकम हिसाव गर्ने शर्त र अवस्था<br>– क्षतिपूर्ति भुक्तानी गर्ने अवधि<br>– जग्गाको संरक्षण र पुनस्थापनाका उपायहरु<br>– उक्त जग्गा जग्गाधनीलाई अस्थाई अधिकरणको अन्त पछि सुधार गरी पहिले कै अवस्थामा ल्याएर बुझाईनेछ । |
| **३. अन्य व्यक्तिगत श्रोतहरु** | | | |
| ३.१ रुख विरुवा र वाह्रमासे वालीको क्षति | ▪ दर्तावाला<br>▪ भाडावाला/जोतहाहरु, जसले जग्गाधनीसँग समझौता गरेकाछन् । | ▪ वाली भित्र्याउन अग्रिम सूचना दिने<br>▪ वाली भित्र्याउन सम्भव नभएको ठाँउमा मौजुदा बालीको खुद मूल्य । | ▪ क्षतिपुर्ति निर्धारण समितिले तोकेको बजारभाउ बराबरको मूल्य । |

| नोक्सानीको किसिम | हक अधिकारको आधार | कानूनी हकदैयाको बर्णन | कार्यान्वयनका उपायहरु |
|---|---|---|---|
| ३.२ छोटो अवधिको वालीको हानि नोक्सानी | ▪ दर्तावाला<br>▪ भाडावाला/जोतहाहरु, जसले जग्गाधनीसँग समझौता गरेकाछन् । | ▪ वाली भित्र्याउन अग्रिम सूचना दिने ।<br>▪ वाली भित्र्याउन सम्भव नभएको ठाँउमा मौजुदा बालीको खुद मूल्य ।<br>▪ छोटो समय रहने बालीको मूल्य बार्षिक उत्पादनको आधारमा तय गरिनेछ । जुनवाली धेरै बर्ष रहन्छ त्यसलाई भविष्यमा हुने उत्पादनको क्षतिको आधारमा मुआब्जा हिसाब गरिन्छ । यसरी मूल्याङ्कन गर्दा फलफूल र डालेघाँसको रुखहरुको ५ बर्ष काठ /दाउरा रुख र अन्य बर्षभरि रहने वाली ३ बर्षको बार्षिक उत्पादनको आधारमा बजार भाउ अनुसार मुआब्जा दिइनेछ ।<br>▪ Right to all other resources from privately owned trees | ▪ क्षतिपुर्ति निर्धारण समितिले तोकेको बजारभाउ बराबरको मूल्य । यसरी मूल्य निर्धारण गर्दा स्थानीय स्रोत बिज्ञको सहयो लिईने छ ।<br>▪ जिल्ला कृषि र वन कार्यालयसंग सम्पर्क गरी मुआब्जा निर्धारण समिति ले बाह्रमासे छोटो अवधिको वालीको बजार मूल्य तय गर्दा त्यस्तै अर्को रुख तयार हुन लाग्ने रकमलाई आधार मान्ने छ । |
| **४. सामुदमयिक संरचनाहरु र श्रोतहरु** | | | |
| ४.१ सामुदायिक भवन/सांस्कृतिक सम्पदाका संरचनहरुको नोक्सानी | ▪ स्थानीय समुदाय / उपभोक्ता समूह | ▪ प्रभावित भएका सामुदायिक भवनहरुको कम्तीमा पुरानै अवस्थामा पुनस्थापना गर्ने वा प्रभावित समुदाय र सम्बन्धित अधिकारीहरुको परामर्शबाट छनोट गरिएको क्षेत्रमा संरचनाको पुनर्निमाण गर्ने । परियोजना सुरु गर्नु अगाडी नै जहाँ आवश्यक पर्दछ पुर्नस्थापना गर्ने अथवा यसबारे समुदायको परामर्शबाट निधो गरिने । | ▪ सामुदायिक स्रोतहरु /सुविधाहरुमा स्थानीय समुदाय/सामुदायिक आधारमा खोलिएका संस्थाहरुबाट स्थापित गरिएका स्कूल, मन्दिर, गम्बा धार्मिक रुख, चिहान, घाट, प्रतीक्षालय, सामुदायिक हल आदि पर्दछन् । |
| ४.२ जग्गा र रुखहरु | ▪ स्थानीय समुदाय / उपभोक्ता समूह | ▪ चरणक्षेत्रको सुधारका लागि सहयोग ।<br>▪ सामुदायिक स्रोतहरुमा पहुचको पुन:स्थापना । | ▪ कृषि र वन बिभागलाई चरण क्षेत्रको सुधार र सामुदायिक स्रोतहरुमा पहुचको पुन:स्थापना गरि स्थानीयहरुलाई सहयोग गर्न अनुरोध गरिने छ । |
| **५. विस्थापन सहयोग** | | | |
| ५.१ घर र घरेलु सामानको विस्थापन | ● कानूनी स्वामित्व कायम भएको<br>● कानूनी स्वामित्व कायम नभएको | ● प्रत्येक घरको विस्थापित बासिन्दा एक आवास (Housing) विस्थापन सहयोगको हकदार हुनेछ ।<br>● विस्थापित भाडावाल (Renter)/पट्टावाल भाडामा लिएको डेरा गुमेकोले त्यसको लागि भाडासम्बन्धी भत्ताको हकदार हुनेछन् । | ▪ प्रत्येक विस्थापित परिवारले गरीबीको रेखा निर्धारण गर्ने दुई महिनाको आय वरावर (Housing) विस्थापन अनुदान पाउनेछन् ।<br>▪ भाडामा वसिरहेका परिवार विस्थापित भएमा उनीहरुले ३५ दिनको अग्रिम सूचना पाउनेछन् वा गरीबी रेखा निर्धारण गर्ने आयको दरमा ०.५ महिनाको भाडा भत्ताका साथै ढुवानी सहायता आयोजनाबाट पाउनेछन् ।<br>▪ पुन: स्थापन अगावै सहयोग रकम भुक्तानी गरिने छ ।<br>▪ आंशिक क्षतिको हिसाब गर्दा पुन:स्थापना गर्न लाग्ने निर्माणसामग्रीको मूल्य र कामदारको ज्यालाको खर्चलाई आधार मानेर गरिने छ । |
| ५.२ व्यावसायिक पूर्वाधारको विस्थापन | ● कानूनी स्वामित्व कायम भएको<br>● कानूनी स्वामित्व कायम नभएको | ● व्यवसाय विस्थापित भएका प्रत्येक परिवार व्यावसायिक संरचनाको क्षतिको लागि व्यवसाय विस्थाान अनुदानको हकदार हुनेछन् । | ▪ घरधुरी बिस्थापन भत्ताको तय गरिने छ ।<br>▪ मूल्यको निर्धारण ५.१ अनुसार हुने छ । |
| ५.३ बाली लागाउने काम नराम्ररा रोकिने | ● कानूनी स्वामित्व कायम भएको<br>● मोहि | ● खेती गर्ने काममा असामान्य रुपले बाधा परी प्रभावित भएका परिवारलाई बालीमा आएको अवरोध बारेको सहयोग । | ▪ बाली उत्पादनमा बाधा परेको कारण दिइने सहयोग निम्न अवस्थामा लागु हुने<br>क. जम्मा ०.२५ हेक्टर र सो भन्दा कम जग्गा भएका परिवार जसले |

| नोक्सानीको किसिम | हक अधिकारको आधार | कानूनी हकदैयाको बर्णन | कार्यान्वयनका उपायहरु |
|---|---|---|---|
| | | | आफ्नो कुल जग्गाको १०% भन्दा बढी गुमाउँछ ।<br>ख. ०.२५ हेक्टर भन्दा माथि जग्गा भएका परिवार जसले आफ्नो जग्गाको २५% भन्दा बढी गुमाउँछ ।<br>ग. बालीको उत्पादनको मात्रा नराम्ररी प्रभावित भएको देखिएका परिवार ।<br>▪ बाली लगाउनमा परेको बाधाका लागि सहयोग दिदाँ अधिग्रहण गरिएको वर्षमा प्रकाशित जिल्ला/गा.वि.स.को उत्पादन आँकडा, जमिनको प्रकार तथा बालीको बजार मूल्यका आधारमा गुमेको जमिनको एक मौसमको उत्पादन बराबर हुनेछ । |
| ५.४ निम्सरो सामुदायिक बर्ग | ▪ करिडोर अफ इम्प्याक्ट भित्रका प्रभावित १८ बर्ष माथिका व्यक्ति । | • वास्तविक प्रभावित निम्सरो समुदायको पहिचान निम्न बमोजिम हुने छ ।<br>क. जनजाति समुह ।<br>ख. दलित समुह ।<br>ग. महिला घरमुली भएको परिवार ।<br>घ. भूमिहिन परिवार । | ▪ जीबिकोपार्जन सुधारको लागि सहायता दिने ।<br>▪ निमार्ण तथा मर्मतका कामहरुमा उनिहरुलाई प्राथमिकता प्रदान गरिने छ ।<br>▪ सहयोग भत्ता दिने । |
| **६. सरकारी सम्पत्तिहरू:** | | | |
| ६.१ पूर्वाधार र सुविधाहरूको क्षति | • सम्बन्धित निकाय | • सुविधाहरूको मर्मत वा प्रतिस्थापन गरिने छ । | ▪ सम्बन्धित विभाग वा मन्त्रालयसँग परामर्श गरेर काम थाल्ने । |
| ६.२ वन क्षेत्रको क्षति | • वन विभाग | • वृक्षारोपण गरेर रोकथाम । | ▪ साबिक जातकै बृक्षवनस्पति कायम राख्नेतर्फ विचार गरिने ।<br>▪ वन विभागसँगको परामर्शमा काम थालिने । |
| ६.३ सरकारी जमिन | • सम्बन्धित निकाय | • क्षतिपुर्तिको व्यवस्था नभएको । | ▪ सम्बन्धित निकायसंग समन्वय गरेर । |
| **७. परामर्शहरु** | | | |
| ७.१ योजनाका सबै प्रभावहरु | • करिडोर अफ इम्प्याक्ट भित्र र संगैका मानिसहरु । | • आयोजनाको प्रभावहरुको वारेमा, निर्माण तालिकाको वारेमा, मूल्य निर्धारण र गुनासो निदान संयन्त्र, निमार्ण कार्यमा रोजगारीको अवसरको सृजना र प्रकृया र स्थानीय बिकास प्रकृयाका बारेमा परामर्श । | ▪ आयोजना संग संबन्धित सूचनाहरुको संप्रशण समयान्तरमा स्थानीय कार्यालयहरुलाई गरेर ।<br>▪ स्रोत साधनको प्रयोग र परिचालन गरि सामुदायिक बिकास गर्न सरकारी निकायहरु जस्तैः बन र कृषि बिभागको सहयोगका लागि सहकार्य गरेर । |
| ८. अन्य सहायताहरु | | | |
| ८.१ आयोजनाका कार्यहरुमा कामदारहरुलाइ प्राथमिकता । | • सबै प्रभावित परिवारहरु । | • भौतिक सम्पत्तिहरुको क्षतिभएका निम्सरो समुदायका परिवारहरु । | ▪ सडक निर्माणको समयमा प्रभावित मानिसहरुलाई निर्माण काममा प्राथमिकता र समान कामको लागि समान ज्याला प्रदान गर्ने ।<br>▪ सडक निर्माणको कार्य सकिएपछि पनि प्रभावित मानिसहरुलाई नियमित मर्मतको काममा संलग्न गराउने । |
| ८.२ सीप बिकास तालिम र | • आयोजनाबाट प्रभावित निम्सरो परिवार वा गरीबीको रेखामुनी | • भौतिक सम्पत्तिहरुको क्षतिभएका निम्सरो समुदायका परिवारहरु । | ▪ आयोजनाले सीप बिकास तथा आयआर्जनका कार्यक्रमा आर्थिक लगानी गरेर । |

| नोक्सानीको किसिम | हक अधिकारको आधार | कानूनी हकदैयाको बर्णन | कार्यान्वयनका उपायहरु |
|---|---|---|---|
| आयआर्जन । | परेको परिवार मध्येबाट प्रति परिवार १ जना । | | ▪ पुर्नवास कार्य योजनामा उल्लेख भएका सीप बिकास तालिमहरुको आवश्यकता पहिचान गरि कार्यान्वयन गरेर । |

## आयोजना कार्यान्वयन व्यवस्थापन

१८.	पुर्नवास कार्ययोजनामा भएका गतिबिधीहरु कार्यान्वयन गर्न  सडक बिभागले आयोजनालेको जिम्मेवारी बहन गर्ने छ । पुर्नवास कार्ययोजनाले उल्लेख गरेका क्षतिपुर्ति र जग्गा अधिकरण, नीति र बिधि र सुरक्षात्मक कवजहरुको कार्यान्वयनको सुनिश्चितताका लागि सांगठानिक संरचनाको आवश्यकता पर्दछ । उल्लेखित यी गतिबिधीहरुको कार्यान्वयन उपलब्धि हासिल गर्न पुर्नवास कार्ययोजनाको कार्यान्वयन सांगठानिक ढाचा आयाजनाले केन्द्रिय तह र आयोजना तहमा गर्ने छ ।

### पुर्नवास कार्य योजना कार्यान्वयन को सांगठानिक प्रारुप



१९.	यो आयेजना कार्यान्वयन गर्न केहि सरकारी निकायहरु सम्लग्न रहने छन् । केन्द्रीय स्तरमा यस आयोजनाको लागि भौतिक पूर्वाधार निर्माण तथा यातायात मन्त्रालय कार्यकारी निकाय हुनेछ र सडक विभाग कार्यान्वयन निकाय रहनेछ । यस आयोजना सडक विभाग भित्र आयोजना कार्यान्वयन इकाइको (PIU) स्थापना गरिने छ। आयोजना कार्यान्वयन इकाई (PIU) ले आयोजनाको योजनातर्जुमा कार्यान्वयन तथा समन्वयको सम्पूर्ण कामका लागि जिम्मेवार हुनेछ र पुनर्वास तथा जग्गा अधिग्रहण क्रियाकलापहरूसंग सम्बन्धित सबै बिषयहरूको सम्बोधन सडक विभागको भू-वातावरण तथा सामाजिक शाखा (GESU) संगको विस्तृत विचार विमर्श र सहयोगमा गरिनेछ । योजनागत तहमा योजना कार्यालयको स्थापना गरिने छ जसको प्रमुखमा योजना प्रमुख (PIC) रहने छन् र यो जना कार्यालयलाई परामर्शदाता कार्यालयले सहयोग पुर्‍याउने छ । परामर्शदाता कार्यालयले सामाजिक बिकास तथा पुर्नवास बिज्ञ आयोजनाको स्थानीय स्तरमा सामाजिक परिचालकको नियुक्ति गर्ने छ । योजना प्रमुखले (PIC) प्रमुख जिल्ला अधिकारी, जिल्ला मालपोत कार्यालय र नापी कार्यालय, जिल्ला कृषि बिकास कार्यालय, जिल्ला बन कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय, खानेपानी तथा सिंचाई कार्यालय र अन्य सरोकारवा निकायहरुसंगको समन्वय गर्ने छन् ।

## गुनासो निदान संयन्त्र

२०.	प्रभावित व्यक्तिहरूले जग्गा, सम्पत्ति, पुनःस्थापनाको क्षतिपूर्ति तथा आयोजनासाग सम्बन्धित प्राविधिक तथा साधारण विवादबाट उठ्न सक्ने कुनै अमान्य निर्णयहरू, अभ्यासहरू तथा क्रियाकलापहरू विरूद्ध अपिल गर्न प्रत्येक योजनाका लागि एक उजुरी निवारण संयन्त्रको स्थापना गरिनेछ । प्रभावित व्यक्तिहरूलाई छलफल, सर्भेक्षण र कार्य योजना पूरा हुने समयमा मौखिक तथा लिखित रूपमा उजुरी प्रक्रियाहरू र उनीहरूका अधिकारहरूको बारेमा पूरा जानकारी गराइने छ ।प्रत्येक योजनाका लागि त्यहाा दुई प्रकारका उजुरीका सम्भावना रहन्छन् : जग्गा अधिग्रहण तथा पुनर्वासका आधारसाग सम्बन्धित उजुरी र क्षतिपूर्ति वा कानूनी हकसाग सम्बन्धित उजुरी । प्रभावित व्यक्तिहरूलाई तत्कालीन सरकारी संयन्त्र अर्थात स्थानीय परामर्श समिति[२] (LCF) र अपिल परिपाटीको औपचारिक अदालत दुवै उजुरी निवारण पद्धतिहरूमा पहुच हुनेछ । पहिलो व्यवस्था अन्तर्गत यदि उचित तवरबाट क्षतिपूर्ति नगरिएको प्रभावित व्यक्तिलाई लागेमा उनीहरूले अदालतमा अपिल गर्न सक्नेछन् । उनीहरूलाई दिइएको सार्वजनिक सूचनाको ३५ दिनभित्र पुनरावेदन अदालतमा अपिल (पुनरावेदन) गर्न सक्नेछन् ।

आयोजनाकै लागि विशेष रूपले बनाएको उजुरी संयन्त्र जस्तो निर्माण स्थलमै उजुरी सुन्ने व्यवस्थाले आयोजनाबाट प्रभावित व्यक्तिहरूले समयमै न्यायपूर्ण उपचार पाउन सक्छन् । आयोजनाबाट प्रभावित व्यक्तिहरूको शुरूको उजुरी निपटाउन सडकबाट प्रभावित प्रत्येक गा.वि.स. मा स्थानीय परामर्श समिति स्थापना गरिने छ । आयोजनाले निर्माणको अवधिमा भएका क्षतिहरूको क्षतिपूर्तिसाग सम्बन्धित मुद्दाहरूको सुनवाइ गर्नेछ । प्रभावित व्यक्तिहरूलाई अत्यधिक प्रशासनिक वाधाहरूको कुनै डर वा रोकतोक विना उनीहरूको उजुरी अगाडी बढाउन तथा दायर गर्न उजुरी कार्यालयमा सहज पहुच हुनेछ । परियोजना कार्यान्वयनमा स्थानीय समुदाय सम्पर्क सहायक को व्यवस्था यस बिषयमा एक असल प्रयोग हो । स्थानीय समुदाय सम्पर्क सहायक लाई सम्बन्धित निकायमा प्रभावित व्यक्तिहरूको उजुरी तथा चासोहरू दायर गर्नमा सहयोगको लागि क्रियाशील बनाउन सकिन्छ । प्रभावित व्यक्तिहरू यस कार्यका लागि लगाइएका सबै प्रशासनिक शुल्कहरूबाट छुट पाउनेछन्, अदालतमा दायर गरिएको मुद्दाहरूमा भने उनीहरूले शुल्क तिनु पर्नेछ । निकट भविष्यमा आउने योजनाहरूको लागि उजुरी निवारण गर्ने तीन चरणको कार्यविधि प्रस्तावित गरिएको छ ।

## अनुमानीत कुल बजेट

२१.	यो पुर्नवास कार्ययोजना कार्यान्वयन गर्न को लागि रु. ४३ मिलियन अनुमान गरिएको छ । यो रकम व्यक्तिगत घरसंरचनाहरु, सहयो भत्ता र पुनःस्थापना सहयोगमा तल को तालिका बमोजिम खर्च गरिने छ ।

---

[२] वतावरण तथा सामाजिक संरचनामा उल्लेख भएको प्रावधान अनुसार स्थानीय परामर्श समितिको स्थापना गरिने छ । यो समितीमा स्थानीय गैह्र सरकारी संस्थाको प्रतिनिधी, सामुदायिक स.स्था जस्तैः आमा समुह र सामाजिक समुहका प्रतिनिधीहरु, गा.बि.स. र नगरपालिकाको सचिब (निर्वाचित पदाधिकारी नभएको अवस्थामा स्थानीय राजनीतिक दलहरुको प्रतिनिधित्व गर्ने गरि) सम्मिलित रहने छन् । यो समितिले क्षतिपुर्ति निर्धारण र बितरण तथा अनुगमनमा सहयोग गर्ने छ ।

## अनुमानीत बजेटको सारांश

| | | | |
|---|---|---|---|
| १.प्रत्यक्ष खर्च Direct Cost | | | |
| क. क्षतिपुर्ति र पुन: स्थापना | | | |
| • व्यक्तिगत घरसंरचनाहरुलाई अनुमानित क्षतिपुर्ति र पुन: स्थापना (including dismantiling cost) | संख्या | ८० | २११६६४३२ |
| • बिस्थापन भत्ता (House displacement allowance) | संख्या | ७४ | १४८०००० |
| • आवतजावत गर्न याताया भत्ता (Transportation allowance) | संख्या | ७४ | ७४०००० |
| • व्यवसाय नोक्सानी भत्ता Business displacement | संख्या | ६२ | १२४०००० |
| • घरसंरचनाहरुका धनिहरुलाई अर्को घर तयार नहुदाको समयसम्मलाई घर भाडा Rental stipend (A) Structure owner | संख्या | ७४ | २२२०००० |
| • घर भाडा नोक्सान भसएको त्यहि घरमा भाडा गरि बस्ने लाई मात्र | संख्या | ५ | १५०००० |
| • सहयोग भत्ता Support Allowance | संख्या | ६६ | ६६०००० |
| • व्यक्तिगत घरसंरचनाहरुलाई अनुमानित क्षतिपुति | संख्या | ११ | ५३६०२९७ |
| शिर्षक १ को जम्मा: | | | ३३०१६७२९ |
| २. अप्रत्यक्ष खर्च | | | |
| • जीबन उपयोगी तथा सीप बिाकास तालिम LEST Cost | अनुमानित | | २६५०००० |
| • 5% provisional sum of heading 2 (I) | | | १३२५०० |
| • निम्सरो समुदाय बिकास योजना VCDP Cost | अनुमानित | | ७२००००० |
| शिर्षक २ को जम्मा: | | | ९९८२५०० |
| शिर्षक १ र २ को जम्मा: | | | ४२९९९२२९ |

## अनुगमन र मूल्याङ्कन :

२२. आयोजनाले प्रभावित परिवारहरुको जीवनस्तर (आयोजना कार्यान्वयन हुनुभन्दा अगाडिको) खराब नहुने गरि सुनिश्चितता गर्न अनुगमन र निरिक्षण संयन्त्र बनाइने छ । प्रभावित परिवारहरुको सामाजिक - आर्थिक अवस्थाका वारेमा जानकारी लिन नियमित अनुगमन जरुरी छ । यो आयोजनाले आन्तरिक र वाह्य अनुगमन प्रणाली अबलम्बन गर्ने छ । आन्तरिक अनुगमन भू-वातावरण तथा सामाजिक शाखा/सडक विभाग गर्ने छ । यसरी गरिने आन्तरिक अनुगमनको चौमाषिक प्रतिवेदन भू-वातावरण तथा सामाजिक इकाई/सडक विभागका (Individual National Social Development Consultant) ले परामर्शदाता कार्यालयमा कार्यरत सामाजिक बिकास तथा पुर्नवास बिज्ञसंग समन्वय गरि तयार गर्ने छन् । स्थानीय स्तरका सवालहरु, गुनासाहरु र सुझावहरुको बारेमा अनुगमन गर्ने सिलसिलामा स्थानीय सरोकार समुहहरुले पृष्ठपोशणको काम गर्ने छ । आयोजनाको Mid Term अनुगमन गर्नको लागि वाह्य एक स्वतन्त्र अनुगमन निकायद्वारा गरिने यस प्रकारको अनुगमनले पुनर्वास र पुनःस्थापना का उद्देश्यहरू कुन हदसम्म हासिल भएका छन् भनि मूल्याङ्कन गर्नेछ । परियोजना कार्यान्वयन इकाई ( विश्व बैंकले स्वीकृत गरेको कार्यसूची तथा अनुगमन गर्ने निकायको योग्यता र अनुभवका आधारमा) ले पुनर्बास कार्य योजना र जोखिमयुक्त समुदाय विकास कार्यक्रम कार्यान्वयनको निष्पक्ष द्धि-बार्षिक वातावरणीय र सामाजिक व्वस्थापन संरचनासमीक्षाको लागि एक स्वतन्त्र र निष्पक्ष वाह्य अनुगमन निकाय/परामर्शदाता सम्पूर्ण परियोजनाको लागि नियुक्त गर्नेछ जसले निर्धारित लक्ष्य हासिल भए, नभएको एकिन गर्नेछ र यदि नभएको भए हासिल गर्नको लागि के कस्तो सुधारात्मक कार्यहरू आवश्यक छ भनि निर्धारण गर्नेछ । स्वतन्त्र अनुगमन निकायले जिल्लाका प्रत्येक क्षतिपूर्ति दरहरू प्रमाणित गर्न र अद्यावधिक गर्न तथा प्रचलित बजार मूल्यहरू लागू गरिएको र पुनः स्थापन मूल्यको रूपमा निर्धारित मूल्य परियोजनाबाट प्रभावित व्यक्ति र सडक विभाग दुवैलाई मान्य छ भन्ने सुनिश्चित गर्न पुनःस्थापन मूल्य सर्भेक्षण गर्नेछ । यस स्वतन्त्र निकायले स्थलगत भ्रमण र जोखिमयुक्त तथा जनजाति समुदायहरूसाग छलफल गर्नेछ । वाह्य अनुगमन प्रतिवेदनका परिणामहरू सार्वजनिक परामर्श बैठकद्वारा सार्वजनिक गरिनेछ । वाहय अनुगमन प्रतिवेदनहरू दाता निकाय (विश्व बैंक) मा केही प्रतिहरू पठाएर सीधै भू-वातावरण तथा सामाजिक इकाई/सडक विभाग मा पेश गरिनेछन् ।